# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

प.सं: ०८०/०८१
च.नं: १६

मिति:२०८०।०६।०४

## सूचना

प्रस्तुत विषयमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघीय संसदमा हालै दर्ता भएको "विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संसोधन र एकिकरण गर्न बनेको विधेयक २०८०" मा समावेश भएका विषयका सम्बन्धमा शिक्षक महासंघले आव्हान गरेको आन्दोलनमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताहरु सहभागी भई विद्यालयको पठनपाठन अनिश्चितकालीन रुपमा बन्दको कार्यक्रमले बालबालिकाहरुको पढ्न पाउने नैसर्गिक अधिकारबाट बञ्चित भएको विषयमा गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । नेपाल सरकारले विद्यालयहरुलाई शान्तिक्षेत्र घोषणा गरी बन्द,हडताल जस्ता कार्यक्रम गरी बालबालिकाहरुको अध्ययन गर्न पाउने अधिकारबाट बञ्चित गर्न नपाइने व्यवस्था गरेको मध्यनजर गरी शिक्षक तथा कर्मचारीले आफ्ना पेशागत हक अधिकारका माग राख्दा बालबालिकाहरुले पढ्न पाउने अधिकार कुण्ठित नगरी नियमित पठनपाठनमा बाधा नपर्ने गरी बैकल्पिक माध्यमबाट आन्दोलनका कार्यक्रम राखी विद्यालय संचालन गरी पठनपाठनको व्यवस्थापन मिलाउनुहुन अनुरोध छ । साथै पठनपाठनको वातावरण निर्माणमा सहयोग पुर्याउनुहुन अभिभावक, विव्यस, शिअस तथा सरोकारवलाहरु सबैमा अनुरोध गरिन्छ ।

देवीजङ्ग गुरुङ
अध्यक्ष

देवीजङ्ग गुरुङ
अध्यक्ष


मोबाईल :९८५६०७२६०१,९८५६०७२६०२,९८५६०७२६००,Web Site :madimunkaski.gov.np ईमेल :
madimunkaski@gmail.com